मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २०७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन २७ गते बुधबार ❑ 12 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पालिकाहरूलाई सिमाङ्कन पुनरावलोकनका लागि प्रस्ताव पठाउने म्याद ७ दिन थप

**पोखरापत्र संवाददाता**
पोखरा, २६ साउन

गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धि मापदण्ड, २०८३ अनुसार गठित कास्की जिल्लास्तरिय पुनरावलोकन अध्ययन समितिले पालिकाहरूलाई सिमांकन पुनरावलोकनका लागि प्रस्ताब पठाउने म्याद मिति २०८३ साउन २६ गतेबाट ७ दिन थप गरिएको छ।

समितिले मिति २०८३ साउन ११ गतेको पत्र मार्फत पन्ध्र दिन भित्र अध्ययन समिति समक्ष प्रस्ताब पठाउन आग्रह गरेको थियो । सो अबधिमा अन्नपूर्ण गाउपालिकाको मात्रै प्रस्ताब प्राप्त भएको हुँदा बाँकी पालिकाहरूलाई प्रस्ताब पठाउन सात दिनको म्याद थप गरिएको समितिका संयोजक तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले जानकारी दिनुभयो । पालिकाबाट प्रस्ताब प्राप्त भएपछी नेपाल सरकार मन्त्री परिषदको निर्णय मुताबिक भुमी ब्यबस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनको मिति २०८३ असार चार गते राजपत्रमा प्रकाशित सुचना बमोजिम पुनरावलोकन सम्बन्धि मापदण्ड अनुसार समितिले कार्य गर्ने पौडेलले उल्लेख गर्नुभयो। निर्धारित मापदण्ड अनुसार पालिकाको संख्या र सिमाना हेरफेर वा एक आपसमा गाभिने प्रस्ताव गर्दा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा (३) को उपदफा दुई बमोजिम जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्बाधार बिकासको अबस्था आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता, भाषिक, साँस्कृतिक तथा सामुदायिक बनौटलाई प्रमुख आधार बनाउनुपर्ने उल्लेख छ। त्यस्तै वडाको संख्या, सिमाना र केन्द्र हेरफेर गर्ने वा वडाहरू एक आपसमा गाभिने प्रस्ताव गर्दा सो ऐनको दफा (५ )को उपदफा(३)बमोजिम जनसंख्या बितरणको अबस्था, भौगोलिक निरन्तरता, अनुकुलता तथा बिशिस्टता, भाषिक, सान्स्कृतिक, तथा सामाजिक विशिष्टता, सेवा सुबिधा बितरणको अबस्था र बिद्यमान भौतिक पूर्बाधार लाई मुख्य आधार बनाउनुपर्ने उल्लेख छ।




मापदण्ड बमोजिम सिमाना हेरफेर गर्न सम्बन्धित पालिकाको तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाइ बहुमतले पारित गरेर प्रदेश सरकारमा सिफारिस गर्नुपर्ने र त्यसको १५ दिनभित्र प्रदेश सरकारले नेपाल सरकारमा सिफारिस गर्नुपर्ने उल्लेख छ। प्राप्त सुझाव र निर्णय मुताबिक केन्द्र र सिमाना नेपाल सरकारले निर्धारण गर्ने उल्लेख छ। मापदण्डमा स्थानिय सरकार संचालन ऐन २०७४को दफा ३,५,६,७,८ बमोजिम पुनरावलोकन हुन सक्ने उल्लेख छ। सो मापदण्ड बमोजिम जिल्ला समन्वय समितिका प्रमुखको संयोजकतत्वमा ७ सदस्यीय समिति गठन भएको हो । समितिका सदस्यहरूमा सम्बन्धित स्थानिय तहका अध्यक्ष वा प्रमुख, सहायक प्रमुख जिल्ला अधिकारी, नापी कार्यालयका प्रमुख, भुमी प्रशासन कार्यालयका प्रमुख, सम्बन्धित पालिकाका प्रमुख प्रशासकीय अधिकृत, रहने ब्यबस्था छ भने जिल्ला समन्वय अधिकारी सदस्य सचिब तोकिएको छ।

यस अघि समितिले पालिकाका प्रमुख/अध्यक्ष,उप प्रमुख/उपाध्यक्ष र दोश्रो चरण अन्तर्गत कास्कीबाट प्रतिनिधि सभाका सदस्य र गण्डकी प्रदेश सभा सदस्य तथा राजनीतिक दलहरूसंग छलफल तथा अन्तरक्रिया गरि पालिकाहरूलाई पन्ध्र दिन भित्र प्रस्ताब पठाउन पत्राचार गरेको थियो ।

## पृथ्वीराजमार्ग बसपार्क अगाडि अब जथाभावी पार्किङ गर्न नपाइने

**पोखरापत्र संवाददाता**
पोखरा, २६ साउन

पोखराको पृथ्वीचोक क्षेत्रलाई व्यवस्थित बनाउने अभियान सुरु भएको छ । पोखरा बसपार्क निर्माणका लागि बसपार्कभित्र रहेका केही संरचना हटाइएसँगै अब पृथ्वीचोक क्षेत्रका पृथ्वीराजमार्गको सडक तथा फुटपाथमा हुने जथाभावी पार्किङ र यात्रु चढाउने-ओराल्ने कार्यलाई पूर्ण रूपमा रोक्ने अभियान आजबाट सुरु भएको हो।

अब पृथ्वीचोक हुँदै पोखरा भित्रिने तथा बाहिरिने सार्वजनिक सवारीसाधनले सडक र फुटपाथबाट यात्रु चढाउने-ओराल्ने पाउने छैनन्। सबै बसले पोखरा बसपार्कभित्रैबाट यात्रु चढाउने र ओराल्ने व्यवस्था मिलाइने भएको छ । नेपाल राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय गण्डकीका प्रमुख प्रहरी उपरीक्षक गोविन्द राज काफ्लेले पोखरा प्रवेश गर्नेबित्तिकै देखिने अव्यवस्थित यातायातको अवस्था अन्त्य गरी पृथ्वीचोकलाई व्यवस्थित र सुन्दर बनाउन आफूहरू फिल्डमै खटिएको बताउनु भयो । अब यस अभियानलाई निरन्तरता दिने बताउदै उहाँले सडक तथा फुटपाथमा सवारी पार्किङ गर्ने, यात्रु चढाउने-ओराल्ने तथा तोकिएको व्यवस्थाविपरीत सवारी सञ्चालन गर्ने कार्यलाई कारबाहीको दायरामा ल्याइने जनाउनु भयो । जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक नवीन कार्कीले पृथ्वीचोक क्षेत्रमा सडक र फुटपाथमा हुने जथाभावी पार्किङ अब स्थायी रूपमा हटाउने दाबी गर्नुभयो। पर्यटकीय नगरी पोखराको प्रवेशद्वार पृथ्वीचोकलाई व्यवस्थित बनाउन जनपथ प्रहरी, ट्राफिक प्रहरी, महानगर प्रहरी र यातायात व्यवसायीको संयुक्त निगरानी आवश्यक रहेको बताउनु भयो । अब बसपार्कभित्रबाटै यात्रु चढ्ने-ओर्लने व्यवस्था हुने र बाहिर रहेका टिकट काउन्टरसमेत बसपार्कभित्रै सञ्चालन गर्नुपर्ने उहाँले जनाउनु भयो। तर, बसपार्कभित्र केही स्थानमा खाल्डाखुल्डी तथा हिलोको समस्या रहेकाले त्यसको तत्काल मर्मतसम्भार गरी यात्रुमैत्री बनाउन महानगरपालिकालाई आग्रह गरिएको उहाँले जनाउनु भयो।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष एनकुमार शाहीले पृथ्वीचोकको यातायात व्यवस्थापन सुधार गर्ने अभियान महासंघको अगुवाइमा विभिन्न संघ संस्था तथा सुरक्षा निकायको समन्वयमा अघि बढाइएको बताउनु भयो । आफू पृथ्वीराजमार्ग बस सञ्चालक कम्पनीको अध्यक्षसमेत भएकाले अभियानमा भूमिका निर्वाह गरिरहेको भए पनि यो कुनै एक व्यक्ति वा संस्थाको मात्र प्रयास नभई सबै सरोकारवाला निकायको समन्वयमा अघि बढाइएको उहाँले स्पष्ट पार्नुभयो। "महासंघ गण्डकी प्रदेशले सबैलाई सन्तुलन मिलाएर काम गर्ने हो। हामीले बाहिर रहेका आफ्ना काउन्टरसमेत बसपार्कभित्र सारेका छौँ । फुटपाथ तथा सडकमा हुने पार्किङ नियन्त्रण गर्दै बसपार्कभित्रबाटै सार्वजनिक यातायात सञ्चालन गर्ने अभियानमा नेपाल राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय गण्डकी, जिल्ला प्रहरी कार्यालय कास्की, जिल्ला ट्राफिक प्रहरी कार्यालय, पोखरा महानगरपालिका, यातायात व्यवसायी तथा मजदुर संगठन लगायत सरोकारवाला निकायबीच समन्वय गरिएको छ। अभियानको पहिलो चरणमा पृथ्वीचोकको फुटपाथ तथा सडक क्षेत्रमा रहेका सवारीसाधनलाई बसपार्कभित्र सारेर क्षेत्र खाली गरिएको छ। सडक र फुटपाथलाई पैदलयात्रु तथा व्यवस्थित यातायात सञ्चालनका लागि प्रयोग गर्ने उद्देश्यले अभियान अघि बढाइएको हो।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकीका सचिव अर्जुन पोडेलले पृथ्वीचोकमा यात्रु तानातान गर्ने तथा सडक र फुटपाथमा सवारी राख्ने पुरानो अवस्थाको अन्त्य गर्न अभियान अघि बढाइएको बताउनु भयो । पोखरेली ट्याक्सी सेवा प्रालिका अध्यक्ष शोभाकान्त पौडेलले सडक तथा फुटपाथ व्यवस्थापनमा सबै पक्षको सहकार्य आवश्यक रहेको बताउनु भयो । अभियानलाई केही दिनको कार्यक्रमका रूपमा नभई निरन्तरता दिनुपर्नेमा उहाँको जोड थियो। यसैबिच, पृथ्वीचोक क्षेत्रमा निकै अस्तव्यस्त टिकट

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा सवारीसाधनको प्रदूषण परीक्षणमा तीव्रता

**पोखरापत्र संवाददाता**
पोखरा, २६ साउन

पोखरामा आइतबार ८० वटा सवारीसाधनको प्रदूषण परीक्षण गर्दा १५ वटा सवारीसाधनले मापदण्डभन्दा बढी धुवाँ फाल्ने गरेको भेटिएको छ । यातायात व्यवस्था कार्यालय कास्की र जिल्ला ट्राफिक प्रहरी कार्यालयले गरेको छड्के अनुगमनका क्रममा ती सवारीसाधनलाई नियन्त्रणमा लिइएको हो।

बढी धुवाँ फाल्ने र यान्त्रिक अवस्था ठिक नभएका सवारीसाधनको परीक्षणमा पछिल्लो समय कडाइ गरिएको जिल्ला ट्राफिक प्रहरी प्रमुख सुदीपकुमार देवकोटाले जानकारी दिनुभयो। नियन्त्रणमा लिइएका सवारीसाधनलाई कानुनी कारबाहीका लागि यातायात व्यवस्था कार्यालय सवारीमा पठाइएको उहाँले बताउनुभयो।

महानगरभित्र चल्ने बसमा बढी धुवाँ फाल्ने समस्या देखिएको प्रमुख देवकोटाले बताउनुभयो। "समयमा सर्भिसिङ नगरेका, यान्त्रिक अवस्था ठीक नभएका सवारीसाधनमा प्रदूषण बढी देखिएको छ", उहाँले भन्नुभयो, "यातायात व्यवस्था कार्यालयसँगको सहकार्यमा प्रदूषण परीक्षणलाई थप कडाइसहित निरन्तरता दिन्छौँ।"

यातायात व्यवस्था कार्यालय, सवारी कास्कीका प्रमुख ढाकाप्रसाद शर्माले गत वर्ष 'जेन्जी' आन्दोलनपछि रोकिएको सवारीसाधनको प्रदूषण परीक्षणलाई पुनःसुरु गरिएको बताउनुभयो । गत असारयता दुईपटकसम्म छड्के रुपमा सडकमै सवारीसाधनको अनुगमन गरिएको उहाँको भनाइ छ। कार्यालयले उजुरीका आधारमा कार्यालयमै ल्याएर पनि सवारीसाधानको यान्त्रिक तथा प्रदूषण परीक्षण गर्ने गरेको छ । उपकरण तथा जनशक्ति अभावका कारण झण्डै एक वर्ष रोकिएको प्रदूषण जाँचलाई अब नियमित गरिने कार्यालय प्रमुख शर्माले बताउनुभयो । "बढी धुवाँ फाल्ने सवारीसाधनलाई पहिलोपटक यान्त्रिक अवस्था सुधारसँगै मापदण्ड पूरा गरेर मात्र चल्न दिने गरेका छौँ", उहाँले भन्नुभयो, "यही समस्या फेरि देखिएकामा जरिवानालगायत अन्य कानुनी कारबाही गर्छौं।"

प्रदूषण परीक्षण केही समय रोकिएका कारण सुरुमा सवारीसाधनका सञ्चालक र चालकलाई मापदण्ड पालनाका लागि सचेत र जिम्मेवार बनाइएको उहाँले बताउनुभयो । कार्यालयका मेकानिकल सुपरभाइजर सुमन शर्माले प्रदूषण परीक्षणका क्रममा मापदण्ड नपुगेका सवारीसाधनलाई मर्मतसुधार गरी पुनःजाँच पास गरी सञ्चालनका लागि अनुमति दिने गरिएको बताउनुभयो । उहाँका अनुसार सवारीसाधनको प्रदूषण धुवाँको घनत्व (ओपासिटी) मा नाप्ने गरिएको छ । 'ओपासिटी'को युनिट ६५ प्रतिशतभन्दा बढी भएमा त्यसलाई मापदण्डविपरीत मानिने मेकानिकल सुपरभाइजर शर्माले बताउनुभयो।

समयमा सर्भिसिङ नगर्दा कतिपय नयाँ सवारीसाधनमा पनि बढी धुवाँ फाल्ने समस्या देखिने गरेको उहाँको भनाइ छ । प्रदूषणको समस्या अधिकांश पुराना सवारीसाधनमा रहेको उहाँले बताउनुभयो । कार्यालयमा अहिले डिजेलबाट चल्ने सवारीसाधनका लागि दुई वटा र पेट्रोलबाट चल्ने सवारीसाधनका लागि एउटा प्रदूषण जाँच गर्ने उपकरण रहेको छ।

सरकारले २० वर्ष पुराना सवारीसाधन विस्थापन गर्ने निर्णय गरे पनि त्यस्ता सवारीसाधन सञ्चालनमा पूर्ण रुपमा रोक लाग्न सकेको छैन । यान्त्रिक अवस्था ठीक नभएका पुराना सवारीसाधन सडकमा गुड्दा वायु तथा ध्वनि प्रदूषण, दुर्घटनाको जोखिम बढ्नुका साथै ट्राफिक व्यवस्थापनमा चुनौती थपिने गरेको छ।

## कास्कीको अन्नपूर्णवासीको निःशुल्क स्वास्थ्य बिमा

**पोखरापत्र संवाददाता**
पोखरा, २६ साउन

कास्कीको अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्षदेखि पालिकाभित्रका सबै नागरिकलाई निःशुल्क स्वास्थ्य बिमाको दायरामा ल्याउने भएको छ।

यसअघि दलित, अपाङ्गता भएका तथा अशक्त नागरिकको निःशुल्क स्वास्थ्य बिमा गरिदिएको गाउँपालिकाले यस वर्षदेखि भने सबै नागरिकको स्वास्थ्य बिमा गर्ने कार्यक्रम अघि बढाएको हो । गाउँपालिकाले स्वास्थ्य बिमाका लागि रु ९० लाख बजेट विनियोजन गरेको छ । गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीका अनुसार अन्नपूर्ण गाउँपालिकामा करिब छ हजार ५०० घरधुरी छन्। सबै नागरिकको स्वास्थ्य बिमा गर्न विनियोजित बजेट अपुग भए आवश्यकताअनुसार थप बजेटको व्यवस्था गरिने उहाँले बताउनुभयो । "संविधानले स्वास्थ्यलाई जनताको मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। स्वास्थ्य सेवामा नागरिकको पहुँच

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# च्यारिटी समर हाइकिङको पूर्व अवसरमा फल्चा तथा अन्तर्राष्ट्रिय झण्डा पार्कमा सरसफाइ तथा पुष्परोपण

पोखरापत्र संवाददाता
पोखरा, २६ साउन

सहारा एकेडेमीको सहयोगार्थ आउँदो शनिबार पोखरामा आयोजना हुने 'समर हाइकिङ फर च्यारिटी-२०८३' को पूर्व अवसरमा मंगलबार पोखरा-९ स्थित फल्चा तथा अन्तर्राष्ट्रिय झण्डा पार्कमा सरसफाइ तथा पुष्परोपण गरिएको छ।

सहारा क्लब पोखराको आयोजना तथा पोखरा महानगरपालिका-९ को समन्वयमा हुने च्यारिटी हाइकिङको प्रचारप्रसारसँगै पर्यटकीय क्षेत्रको संरक्षण र सौन्दर्य अभिवृद्धि गर्ने उद्देश्यले सरसफाइ तथा पुष्परोपण गरिएको क्लवले जनाएको छ।

कार्यक्रममा विभिन्न जातका एक सय भन्दा बढी फूलका बिरुवा रोप्नुका साथै फलफूल तथा अन्य रुखका बिरुवाको गोडमेल र पार्क तथा आसपासका क्षेत्रमा सरसफाइ गरिएको पोखरा महानगरपालिका वडा नम्बर ९ का अध्यक्ष दीपेन्द्र मर्सानीले बताउनुभयो। सहारा क्लब पोखराका अध्यक्ष केशवबहादुर थापाले सूर्यबहादुर केसी स्मृति मेमोरियल सहारा फुटबल एकेडेमीको सञ्चालनमा सहयोग पुर्‍याउने उद्देश्यले च्यारिटी हाइकिङ आयोजना गर्न



लागिएको बताउनुभयो। सरसफाइ तथा पुष्परोपण कार्यक्रममा पोखरा महानगरपालिका वडा नम्बर ९ का वडा सदस्य नन्दराम गिरी, लक्ष्मी पहारी, वडा कृषि सञ्जाल पोखरा-९ का अध्यक्ष विमला रानाभाट, सहारा क्लबका बरिष्ठ उपाध्यक्ष पूर्ण बहादुर गुरुङ, पूर्वअध्यक्ष विक्रम थकाली, वीरभद्र आचार्य लगायतको सहभागिता रहेको थियो। कार्यक्रममा सहभागीलाई कार्यक्रम संयोजक बिनु राना मगरले धन्यवाद दिनुभएको थियो। सहारा क्लब पोखराले लामो समयदेखि सहारा फुटबल एकेडेमी सञ्चालन गर्नुका साथै सामाजिक सेवाका विभिन्न गतिविधि र आहा ! रारा पोखरा गोल्डकप आयोजना गर्दै आएको छ। शनिबारको च्यारिटी हाइकिङले पोखराका पर्यटकीय तथा प्राकृतिक क्षेत्रको प्रवर्द्धन, स्वस्थ जीवनशैलीप्रति जनचेतना अभिवृद्धि र सामाजिक सेवामा नागरिकको सहभागिता बढाउने अपेक्षा गरिएको आयोजकले जनाएको छ। एकेडेमीमा हाल १६ जिल्लाका ३० जना बालक आबद्ध भई फुटबल प्रशिक्षण लिइरहेका छन्। "स्वास्थ्य, पर्यटन र सामाजिक सेवाको सन्देशसहित आयोजना हुन लागेको हाइकिङमार्फत एकेडेमीका बालकहरूको प्रशिक्षण तथा आवासीय व्यवस्थापनमा सहयोग पुर्‍याउने उद्देश्य छ," अध्यक्ष थापाले भन्नुभयो। शनिबार हुने हाइकिङ पोखरा-९ स्थित फल्चाबाट बिहान करिब ७ बजे सुरु भई पर्यटकीय क्षेत्र काहुँडाँडासम्म पुग्नेछ। हाइकिङमा सहभागी हुन प्रतिव्यक्ति १ हजार ५ सय रुपैयाँ शुल्क निर्धारण गरिएको छ। सहभागीलाई शुल्कमा टी-सर्ट, खाजा र खाना उपलब्ध गराइने आयोजकले जनाएको छ। कार्यक्रम संयोजक पूर्णबहादुर गुरुङका अनुसार हाइकिङका लागि हालसम्म करिब दुई सय जनाले नाम दर्ता गराइसकेका छन्। आयोजकले करिब तीन सय जनालाई सहभागी गराउने लक्ष्य राखेको छ।

च्यारिटी हाइकिङलाई सफल पार्न विभिन्न संघसंस्था तथा व्यक्तिहरूले सहयोगसमेत घोषणा गरेका छन्। पोखरा महानगरपालिका वडा नम्बर ९ ले २ लाख रुपैयाँ, तमु धिँ यूकेले २ लाख, अखिल नेपाल फुटबल संघ (एन्फा) कास्कीले ५० हजार, सहारा क्लबका मानार्थ सदस्य तथा सहारा यूकेका पूर्वअध्यक्ष एमबीई दीपीलकुमार गुरुङले २५ हजार, क्लबका सदस्य तथा सहारा यूकेका सल्लाहकार चन्द्रबहादुर गुरुङले २५ हजार रुपैया, सहारा यूकेका निवर्तमान अध्यक्ष कृष्णकुमार गुरुङले १० हजार र क्लबका आजीवन सदस्य मनोज गुरुङले १० हजार रुपैयाँ सहयोग गरेका छन्।

# घारखोलाको विद्युतगृहमा सुक्खा पहिरो, बेपत्ता सुरक्षागार्ड मृत भेटिए

पोखरापत्र संवाददाता
म्याग्दी, २६ साउन

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ पोखरेबगरमा रहेको घारखोला जलविद्युत् आयोजनाको विद्युतगृहमा मंगलबार पहिरोले पुरिँदा एक जनाको मृत्यु भएको छ।

विद्युत्गृहमा कार्यरत एक जना प्राविधिक घाइते भएका छन् भने एक जनाको सकुशल उद्धार गरिएको छ। म्याग्दी हाइड्रोपावर प्रवर्द्धक रहेको १४ मेगावाट क्षमताको घारखोला जलविद्युत् आयोजनाको विद्युत्गृहका उपकरणमा क्षति पुगेपछि उत्पादन बन्द भएको छ।

पहिरोमा पुरिएर बेपत्ता भएका विद्युत्गृहमा सुरक्षागार्डको रूपमा कार्यरत अन्नपूर्ण गाउँपालिका-६ पोखरेबगरका ५५ वर्षीय दीपक बरुवाल (खेमराज) को कार्यस्थलमै शव भेटिएको प्रहरी निरीक्षक सागर तिमिल्सिनाले जानकारी दिनुभयो। उहाँका अनुसार बिहान ३:३५ को समयमा विद्युत्गृह माथिबाट खसेको ढुङ्गा माटोसहितको सुक्खा पहिरोमा पुरिएका बरुवालको प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यको नेतृत्वमा नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी बलको टोलीले डोजर परिचालन गरेर एक घण्टाको प्रयासमा निकालेर परिक्षणका लागि प्रदेश अस्पताल बेनीमा पठाइएको छ।

झ्यालबाट हाम फालेर ज्यान जोगाए

विद्युतगृहमा काम गरिरहेको अवस्थामा एक्कासी पहिरो खसेपछि झ्यालबाट हाम फालेर भाग्ने क्रममा घाइते भएका इलेक्ट्रिकल ओभरसियर गौरीगङ्गा नगरपालिका-५ का ३१ वर्षीय सुरेन्द्र विकको प्रदेश अस्पताल बेनीमा उपचार भइरहेको छ।

सिफ्ट इञ्चार्जसमेत रहेका



अर्का इलेक्ट्रिकल ओभरसियर पाल्पाको निस्दी गाउँपालिका-५ का २४ वर्षीय छविलाल अर्यालले विद्युत्गृहमा थुनिएको अवस्थामा रसिको सहायताले बाहिर निस्कन सफल भएको बताउनुभयो। "कन्ट्रोल रुममा डियुटी गरिरहेको अवस्थामा खस्याक्क गरेको आवाज आएपछि भुईतलामा रहेका सुरेन्द्रलाई खबर गरेर भाग्दा भाग्दै १० सेकेण्डले पहिरोबाट बचे," उहाँले भन्नुभयो, "झ्यालबाट हाम फालेर क्याम्पमा पुगेका सुरेन्द्रले साथी र सुरक्षाकर्मीलाई खबर गरेपछि बिहान ४ बजेतिर मलाई रसी दिएर बाहिर निकाल्नुभएको हो। चोटपटक नलागेपनि पहिरोले पुरिएको विद्युतगृहभित्र २०-२५ मिनेट के-भयो केही पत्तै पाइन, नयाँ जिवन पाएको महशुस गरेको छु।"

आयोजना बन्द

पहाड काटेर बनाइएको विद्युतगृह भन्दा माथि रहेको पहाड भत्किएर पहिरो खसेको छ। अन्नपूर्ण गाउँपालिकाको ५ र ६ नम्बर वडाको सिमाना कुरिलाबगरमा बाँध रहेको आयोजनामा तीन हजार ५०० मिटर लामो सुरुङबाट ल्याइएको पानी ४८५ मिटर उचाईबाट एक हजार २०० मिटर लामो पेनस्टक पाइपमार्फत विद्युतगृहमा खसालेर विद्युत् उत्पादन गरिएको थियो।

विसं २०७४ देखि निर्माण सुरु भई विसं २०८० असार महिनादेखि विद्युत् उत्पादन थालेको आयोजनाले सर्वसाधारणका लागि सेयर जारी गर्ने अन्तिम तयारीमा रहेको अवस्थामा प्राकृतिक विपद्का कारण क्षति ब्यहोर्नुपरेको हो। प्रहरी निरीक्षक तिमिल्सिनाले आयोजनामा पुगेको क्षतिको मूल्याङ्कन सुरु गरिएको र पूर्ण विवरण आउन केही समय लाग्ने बताउनुभयो।

पोखरेबगरवासी शोकमा

पोखरेबगरका बासिन्दासमेत रहेकाअन्नपूर्णगाउँपालिकाकाजनस्वास्थ्य अधिकृत समुन्द्र बरुवालले नसोचेको ठाउँबाट सक्खा पहिरो खसेर जनधनको क्षति पुगेको बताउनुभयो। रातिको समयमा प्रवेशद्धारमा बसेर जिम्मेवारी निर्वाह गरिरहेका दीपकको भाग्दाभाग्दै ज्यान गएको घटनाले गाउँपालिकाको केन्द्र पोखरेबगर शोकमा डुबेको बताउनुभयो।

अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले सहयोगी र स्वदेशमै केही गरौं भन्ने भावनाले सङ्घर्ष गरिरहेका एक जना वडावासीलाई गुमाउनुपर्दा दुःख लागेको प्रतिक्रिया दिनुभयो। आयोजना र मृतकका परिवारबीच क्षतिपूर्ति उपलब्ध गराउने सहमति भएपछि शव परीक्षणका लागि अस्पताल पठाइएको हो।

# कास्कीको ...

विस्तार गर्नु राज्यको दायित्व हो। सबै नागरिकको निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमले न्यून आय भएका परिवारलाई समयमै उपचार सेवा लिन सहज बनाउनुका साथै उपचारमा हुने आर्थिक भारसमेत कम गर्नेछ।" अध्यक्ष केसीले भन्नुभयो। विकासका पूर्वाधारसँग मानवीय स्वास्थ्यलाई समेत ध्यान दिएर यो कार्यक्रम कार्यान्वयन गरिएको उहाँले बताउनुभयो।गाउँपालिकाले स्वास्थ्य बिमासँगै पालिकाभित्रको अन्नपूर्ण आधारभूत अस्पताललाई थप सुविधासम्पन्न बनाउने तयारी पनि गरेको छ। अस्पतालमा चिकित्सकको उपलब्धता बढाउनुका साथै विभिन्न स्वास्थ्य परीक्षणका लागि आवश्यक उपकरण विस्तार गर्दै लगिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी बराललले जानकारी दिनुभयो। गाउँपालिकाले अन्नपूर्ण आधारभूत अस्पताललाई स्थानीय नागरिकको स्वास्थ्य उपचारको पहिलो सेवा बिन्दुका रूपमा विकास गर्ने नीति लिएको छ।

अस्पतालमा उपचार सम्भव नभएका बिरामीलाई थप उपचारका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सिफारिस गर्ने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो।गाउँपालिकाले सबै नागरिकलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउने उद्देश्यले निःशुल्क स्वास्थ्य बिमासँगै आधारभूत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउने तयारी गरेको जनाएको छ।

# पृथ्वीराजमार्ग...

काउण्टरहरु माइक्रो बस देखि लामोदुरीका बसहरु समेत सडक र फुटपाथबाटै छुट्ने हुँदा त्यसलाई ब्यबस्थित पार्न बसपार्कबाटै बसहरु लैजान पोखरा ९ का वडा अध्यक्ष दीपेन्द्र मर्सानीले बताउनु भयो। पोखराको व्यवस्त बजारमा जथभावी सडक र फुटपाथमा सवारी साधन रोक्नमा अब पूर्ण रुपमा रोक लगाउने उहाँले जनाउनु भयो। अध्यक्ष मर्सानीले बसपार्कको सम्पूर्ण क्षेत्र खाली गराउने योजना रहेको बताउनु भयो।

बसपार्क क्षेत्रमा रहेका वास्तविक सुकुम्बासीको वैकल्पिक व्यवस्थापनको कामसमेत अघि बढाइएको उहाँको भनाई छ। महानगरका अनुसार बसपार्क क्षेत्रमा रहेका ५७२ परिवारमध्ये हालसम्म ३३७ परिवारको कागजात प्रमाणीकरण सम्पन्न भएको छ। बाँकी परिवारको समेत विवरण प्रमाणीकरणको काम अघि बढिरहेको महानगरले जनाएको छ। पृथ्वीचोकका स्थानीय अगुवा तथा फोटो पत्रकार सुर्दशन रञ्जितले विगतमा पनि पृथ्वीचोकलाई व्यवस्थित गर्ने प्रयास भए पनि निरन्तरता नपाएको गुनासो गर्नुभयो। यसपटक भने सडक तथा फुटपाथलाई व्यवस्थित राख्न निरन्तर निगरानी आवश्यक रहेको उहाँको भनाइ छ। "फुटपाथ फुटपाथकै रूपमा प्रयोग हुनुपर्छ। सडकमा जथाभावी पार्किङ र यात्रु चढाउने-ओराल्ने काम रोकिएपछि पृथ्वीचोकको स्वरूप नै परिवर्तन हुन्छ," उहाँले भन्नुभयो। पोखरा महानगरपालिकाले प्रस्तावित बसपार्क निर्माणका लागि बसपार्क क्षेत्रमा रहेका संरचना हटाउने कामलाई समेत तीव्रता दिएको छ। पृथ्वीचोकस्थित सेती नदीपट्टिको बास्तोला कम्प्लेक्सका करिब ३२० सटरसहितका संरचना महानगरपालिकाले हटाइसकेको छ। महानगरपालिका र जग्गाधनीबीच भएको सहमतिअनुसार व्यवसायीले सटर खाली गरेपछि महानगरले डोजर प्रयोग गरी संरचना हटाएको हो। पोखरामा बस ओर्लिने र झार्ने निश्चित ठाँउ बाहेक अन्य ठाँउमा बस नरोक्न महानगरले आग्रह गर्दै आएको छ।

# जेसीजले थिम सेमिनार सगैँ साहित्यिक साझ गर्ने

पोखरापत्र संवाददाता
पोखरा, २६ साउन

अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा पोखरा जेसीजले बुधबार पोखरामा थिम सेमिनार र साहित्यिक कार्यक्रम आयोजना गर्ने भएको छ।

'परिष्कृत युवाः सशक्त नेतृत्व' बिषयमा आयोजना हुने थिम सेमिनारमा गण्डकी विश्वविद्यालयका कुलपति प्रा. डा. इन्द्रप्रसाद तिवारी, गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव मनकुमार श्रेष्ठ र जेनेरेशन जेडका युवा नेतृत्वकर्ता रक्षा वम वक्ताका रूपमा सहभागी हुनेछन्।

कार्यक्रममा युवाको नेतृत्व विकास, बदलिँदो परिवेशमा युवाको भूमिका तथा युवालाई नेतृत्वमा स्थापित गर्ने विषयमा छलफल हुने आयोजकले जनाएको छ। यस्तै, पोखरा जेसीजले अन्तर ाष्ट्रिय युवा दिवसकै अवसरमा 'साहित्यिक साझ कार्यक्रम' समेत आयोजना गर्ने भएको छ। 'शब्दमा युवा आवाज, सिर्जनामा युवा चेतना' विषयमा हुने कार्यक्रममा बाबु त्रिपाठी, शिव त्रिपाठी, प्राञ्जल, गीता अधिकारी (जूनु) र ट्रुपक सहभागी हुनेछन्।

दुवै कार्यक्रम साउन २७ गते (अगस्ट १२) पोखरा सिर्जनाचोकस्थित साइमन पार्टी प्यालेसमा हुनेछन्। कार्यक्रम अपराह्न ४ बजे सुरु हुनेछ। पोखरा जेसीजले युवाको क्षमता, नेतृत्व र सिर्जनशीलता विकासमा योगदान पुर्‍याउने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागेको जनाएको छ।

# अवैध नदी उत्खनन गर्नेहरू प्रहरी नियन्त्रणमा

पोखरापत्र संवाददाता
मुस्ताङ, २६ साउन

कालीगण्डकी नदीको अवैध उत्खनन गर्ने सात व्यक्ति र उनीहरूले प्रयोग गरेका सात वटा ट्याक्टर र चालकलाई नियन्त्रणमा लिइएको छ।

बिनाअनुमति अवैध रुपमा नदीजन्य प्राकृतिक स्रोत बालुवा उत्खनन गरी ओसारपोसार गरेको आरोपमा ग१त ७६५३, ग१त ७५९७, ग१त ६६५३, ध१त ११४, ग१त ६०८८ र ग१त ६९५४ नम्बरको ट्याक्टरलाई बालुवासहित जिल्ला प्रहरी कार्यालय मुस्ताङले नियन्त्रणमा लिएको हो।

उनीहरू जोमसोम-कोरला सडकखण्डअन्तर्गत मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ स्थित एक्लेभट्टी नजिकको कालीगण्डकी नदी बगरमा अवैध रुपमा बालुवा उत्खनन गरी ओसारपोसार गर्दै थिए। जिल्ला प्रहरी कार्यालय मुस्ताङका प्रहरी निरीक्षक सन्तोष बस्यालले वर्षायामको समयमा कालीगण्डकी नदीमा नदीजन्य पदार्थको उत्खननले विपद्को जोखिम निम्तिन सक्ने जानकारी दिनुभयो।

# गण्डकी खेलकुद पदक छनोटबारे मन्त्रालयले बनायो समिति

पोखरापत्र संवाददाता
पोखरा, २६ साउन

गण्डकी खेलकुद पदक वितरणमा अनियमितता भएको पाइएपछि छानबिन समिति गठन गरिएको छ।

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सचिव डा शेषनारायण पौडेलको संयोजकत्वमा गठित समितिमा मन्त्रालयका प्रवक्ता तथा खेलकुद महाशाखा प्रमुख घनश्याम पौडेल र मन्त्रालयका युवा महाशाखा प्रमुख नारायणप्रसाद बास्तोला सदस्य रहनुभएको छ। गण्डकी प्रदेश खेलकुद परिषद्ले गत असार ३० गते प्रदान गरेको 'प्रदेश खेलकुद पदक' विवादित बनेपछि सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले पदक छनोट प्रक्रियाबारे छानबिन गर्न समिति गठन गरेको हो। परिषद्ले पहिलोपटक वितरण गरेको उक्त पदकको छनोट तथा सिफारिस प्रक्रिया, कार्यविधिको कार्यान्वयन र सिफारिस समितिमा रहेका व्यक्तिले पदक प्राप्त गरेको विषय सार्वजनिक भएपछि खेलाडी, खेलकर्मी तथा सञ्चारकर्मीले प्रश्न उठाएका थिए। सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री रेखा गुरुङले छानबिन समितिलाई पाँच दिनको समय दिइएको र प्रतिवेदन प्राप्त भएपछि आवश्यक निर्णय गरिने बताउनुभयो। "पदक वितरणमा भएका अमर्यादित कार्यलगायत सार्वजनिक रूपमा उठेका सबै विषयमा छानबिन हुनेछ। मन्त्रालय यस विषयमा प्रतिबद्ध छ। समितिलाई छिटोभन्दा छिटो निष्पक्ष छानबिन गरी प्रतिवेदन पेस गर्न जिम्मेवारी दिइएको छ", मन्त्री गुरुङले भन्नुभयो।

छानबिन समितिका संयोजक पौडेलले पदक सिफारिस गर्दा कार्यविधि पालना भए-नभएको, पारदर्शिता कायम भए-नभएकोलगायत सबै विषयमा अध्ययन गरी तोकिएको समयभित्र प्रतिवेदन पेस गरिने बताउनुभयो। परिषद्ले खेलाडीतर्फ भलिबलकी अरुणा शाही, आइटिएफ तेक्वान्दोकी सुस्मिता थापामगर, अन्तरराष्ट्रिय आर्चरी खेलाडी योगेन्द्र शेरचन र असिम शेरचन तथा क्रिकेट प्रशिक्षकतर्फ रिजन प्रजुलाई २०८१/८२ को खेलकुद पदक प्रदान गरेको थियो। त्यसैगरी, सङ्घसंस्थातर्फ नेपाल भूतपूर्व खेलाडी मञ्चलाई पदक प्रदान गरिएको थियो। उत्कृष्ट प्रदेश खेलकुदतर्फ गण्डकी प्रदेश टेनिस सङ्घलाई नगद रु एक लाख २० हजारसहित सम्मान गरिएको थियो। गण्डकी प्रदेश ह्यान्डबल सङ्घ र गण्डकी प्रदेश फेन्सिङ सङ्घलाई उत्कृष्ट खेल सङ्घ घोषणा गर्दै नगद रु ९०/९० हजारसहित सम्मान गरिएको थियो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# वैदेशिक रोजगारीमा ज्यान गुमाउनेको संख्या कहाली लाग्दो

रोजगारीका लागि विदेश जाने सबै युवाले पैसा र सीप सिकेर आउँदैनन् । वैदेशिक रोजगारीमा जाने युवा बाकसमा पनि आउँछन् । देशभित्र हुने आन्दोलनमा मुठभेडमा मृत्यु हुनेको भन्दा सयौं गुणा बढी युवाले वैदेशिक रोजगारी क्रममा ज्यान गुमाएका छन । वैदेशिक रोजगारीमा ज्यान गुमाएका युवाको बारेमा राज्य र राजनीतिक दल चुपचाप जस्तै छापरिवारले बाहेक अरुको समस्या नभएको जस्तो हुँदै गएको छ । वैदेशिक रोजगारीमा गएका गत आर्थिक वर्षमा एक हजार बढी युवाले ज्यान गुमाएका छन् । वैदेशिक रोजगार बोर्डको तथ्याङ्कअनुसार गत आर्थिक वर्ष २०८२/८३ मा वैदेशिक रोजगारीका क्रममा १ हजार ८४ जनाको ज्यान गएको छ । यो डरलाग्दो तथ्याङ्कले समस्या गहिरिदै गएको देखाउँछ । काम गर्ने क्षमताका युवालाई गुमाउनु गम्भीर चिन्ताको विषय हो।वैदेशिक रोजगार

बोर्डका निर्देशक तथा सूचना अधिकारी शारदा भण्डारीका अनुसार यो संख्या बोर्डले विदेशबाट शव झिकाएको र विमानस्थलबाट उनीहरूको घरसम्म शव पुऱ्याएको तथ्यांकमा आधारित छ । 'यो टेनटेटिभ तथ्याङ्क हो ।, बोर्डसँग सम्पर्कमा नआएकाहरूको रेकर्ड हुने कुरा भएन'। लामो समयदेखि घर परिवासंग संपर्क नभएका र थाहा नभएको संख्या राज्यसंग छैन । विदेशका जेलमा रहेका र घाइतेको अवस्था अझ विकराल छ । वैदेशिक रोजगारीको क्रममा ज्यान गुमाउने कतिपय श्रमिकको शव बोर्डले आफ्नै पहलमा नेपालसम्म ल्याउने गरेको र कतिपयको भने कम्पनी आफैँले पठाइदिने गरेको बोर्डको दावी छ ।

एक वर्षको अवधिमा बोर्डले आफ्नै पहलमा विभिन्न देशबाट ५३५ जनाको शव नेपाल झिकाएको छ भने विमानस्थलबाट घरसम्म भने १ हजार ८४ जनाको शव पुऱ्याएको छ । वैदेशिक रोजगारीको क्रममा ज्यान गुमाएका श्रमिकको शव बोर्डले विमानस्थलबाट निःशुल्क घरसम्म पुऱ्याउँदै आएको छ । यसका लागि परिवारले बोर्डमा सम्पर्क गर्नुपर्छ । बोर्डले रोजगारीको क्रममा विदेशमा अंगभंग वा गम्भीर बिरामी परेर फर्किएका श्रमिकलाई समेत आर्थिक सहायत प्रदान गर्दै आएको छ । गएको आर्थिक वर्षमा मात्रै यस्तो सहायता १ हजार ४७ जनाले लिएका छन् । यो संख्याले हाम्रो अवस्थालाई झल्काउँछ ।

वैदेशिक रोजगारीको क्रममा कुनै श्रमिकको ज्यान गएमा बोर्डले उनीहरूको परिवारलाई आर्थिक सहायता उपलब्ध गराउने गरेको छ । श्रम स्वीकृति लिएर सरकारले तोकेको प्रक्रियामार्फत नै वैदेशिक रोजगारीमा गएको श्रमिकको रोजगारीकै सिलसिलामा ज्यान गएमा १० लाख रुपैयाँ उसको परिवारलाई आर्थिक सहायता प्रदान गर्ने गरेको बोर्डले जनाएको छ । तर, भिजिट भिसा वा अन्य देशहुँदै श्रम स्वीकृति नै नलिई गएका श्रमिकले भने यस्तो सहायता पाउदैनन् । भिजिट भिसा वा भारत हुँदै जाने पनि छन । त्यसबारे राज्यले कडाइ गर्न नसक्दा यो समस्या थपिदै गएको छ ।

श्रम अवधि सकिएको एक वर्षभित्रमा यदि कुनै श्रमिकको ज्यान गएको छ भने पनि परिवारलाई बोर्डले यस्तो सहायता उपलब्ध गराउँदै आएको छ । तर, श्रम स्वीकृति नै लिएर गएको भए पनि श्रम अवधि सकिएको एक वर्षसम्म पनि नवीकरण नगरेमा भने बोर्डले प्रदान गर्ने अन्य सुविधाबाट समेत श्रमिक र उनीहरूका परिवार वञ्चित हुने गरेका छन । जेनजी आन्दोलन र निर्वाचनको बेला युवालाई देशमै रोजगारी दिने र विदेश जान नपर्ने अवस्था ल्याउने वाचा गरेको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले युवालाई देशमा रोजगार दिन त सकेन।वातावरण समेत नबनाउनु विडम्बना हो।युवाको नेतृत्वको सरकारले युवाका समस्याप्रति अनदेखा गर्नु गैरजिम्मेवारी हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : शारीरिक झमेला | धनु | : शुभ यात्रा |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : मानसिक तनाब | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# गुरुङ समुदायद्वारा ट्होटैँ मनाइँदै

पोखरापत्र संवाददाता
दमौली, २६ साउन

गण्डक क्षेत्रका कास्की, पर्वत, तनहुँ, स्याङ्जालगायत जिल्लामा गुरुङ समुदायको मौलिक पर्व ट्होटैं पर्व बिहीबार हर्षोउल्लासपूर्वक मनाइँदैछ ।

गुरुङ समुदायमा मौलिक सांस्कृतिक पर्वका रुपमा बर्सेनि साउन र चैतको अन्तिम मङ्गलबार यो पर्व हर्षोल्लासपूर्वक मनाउने चलन छ । ट्होटैंका अवसरमा कास्कीको अन्नपूर्ण, मादी, माछापुछ्रे गाउँपालिकालगायत स्थानीय तहले आज सार्वजनिक बिदा समेत दिएका छन् । उक्त समुदायले आफ्नो पुस्तैनी पर्वलाई धान्दै आएको छ । परापूर्वकालमा तमु राज्य जोगाउन बैरीलाई सीमा कटाएको सम्झनास्वरुप यस पर्वको सुरुआत भएको मानिन्छ ।

तमु धिँ नेपालका अध्यक्ष हुम गुरुङले पोखरासहित यस क्षेत्रका गुरुङ गाउँबस्तीमा ट्होटैं पर्व मनाइने गरिएको बताउनुभयो । चैतमा सामूहिक रुपमा र साउनमा गुरुङ गाउँ र समाज घरहरूमा अलगअलग रुपमा ट्होटैं मनाउने गरिएको उहाँको भनाइ छ । अध्यक्ष गुरुङका अनुसार गुरुङ भाषामा ट्हो भनेको राज्य वा गाउँबस्ती र टैं भनेको राज्यलाई दुःख दिने शत्रुबैरीलाई सीमा नघाएर राज्य सुरक्षित गरेको अर्थमा लिने गरिएको छ ।

यस पर्वका दिन राति समूहमा बाजागाजा बजाउँदै गाउँ डुल्दा राक्षस र भूतप्रेत भाग्छन् भन्ने किम्बदन्ती छ । ट्होटैंमा आफ्ना पितृको स्मरण सँगसँगै प्रकृतिको पूजाआजा गर्ने चलन रहेको छ । गुरुङ राज्य र गाउँबस्तीमा कसैले आक्रमण नगरोस्, दुःख नदेओस् भनेर परापूर्वकालदेखि ट्होटैं पर्वको थिती बसेको अध्यक्ष गुरुङले बताउनुभयो । धमु धिँ नेपालको अगुवाईमा यस पर्वलाई विसं २०५२ देखि व्यवस्थित रुपमा मनाउन थालिएको थियो ।

चैतमा मनाइने ट्होटैंमा गुरुङहरू परम्परागत बाजागाजासहितजातियपहिरनमा सजिएर झाँकीमा सहभागी हुने गर्छन् । ट्होटैंमा घाटु, सोरठी, चुट्का, कृष्ण चरित्रलगायत मौलिक संस्कृति प्रदर्शन गरिन्छ । यस पर्वमा गुरुङ जातिले प्रयोग गर्ने पुराना हातहतियार, पोसाक, बाजा, झ्याली, चोपडी, सुलाची, चिम्टालगायतका सामग्री पनि प्रदर्शन गर्ने गरिएको छ । साउनमा पर्ने ट्होटैंलाई भने गुरुङ समाजघर र गाउँबस्तीमा परम्परागत रुपमा मनाउने प्रचलन छ । गुरुङ सभ्यता, संस्कृति र पहिचानसँग जोडिएको यस पर्व १५ सय वर्षदेखि अस्तित्वमा रहेको गुरुङ जातिको इतिहासमा उल्लेख छ । आदिमकालमा गुरुङहरू गुफा, गोठ हुँदै बस्ती विकासको सभ्यतामा आएपछि यो पर्वको परम्परा सुरु भएको मानिन्छ । बस्ती विकास हुँदै तमु राज्य स्थापनाको बेलामा आइपुग्दा ट्होटैं पर्वले थप व्यापकता पाएको गुरुङ अगुवाहरू बताउँछन् । उनीहरूका भनाइमा गुरुङ जातिका पूर्वजहरूले आफ्नो बस्ती र राज्यमा दुःख दिने शत्रुवैरीलाई धपाउनका लागि तन्त्रमन्त्र गरी यो पर्व मनाउन सुरु गरेका थिए । पछिल्लो समय देशमा रहेको बेथिति, बिसङ्गको अन्त्य होस्, मानज जातिको कल्याण होस् भन्ने कामना गरी पर्व मनाउने गरिएको छ । कबिला कालदेखि नै तमु (गुरुङ)का स-साना राज्य रहेको र त्यहाँबाट बैरी धपाउन पूर्वजहरूले ट्होटैं पर्वको प्रचलन बसेको मान्यता गुरुङ समुदायमा रहिआएको छ । यो पर्व मनाउनाले गाउँलेको भलो हुने खेतीबाले सप्रने, रोगव्याधि हट्ने र प्राकृतिक विपत्ति नआउने जनविश्वास रहेको छ ।

पोखरासहित यस क्षेत्रका एक सय ४८ गुरुङ गाउँ र समाजघरमा ट्होटैं पर्व मनाउने गरिएको छ । चैतमा उभौली र साउन उधौलीका रुपमा यो पर्वलाई मनाउने गरिन्छ ।

ट्होटैंले सामाजिक एकता र भातृत्वको सन्देश दिने तमु धिँ नेपालका अध्यक्ष गुरुङले बताउनुभयो । विसं २०४२ मा तमु धिँ नेपाल गठन भएपछि पोखरामा गुरुङ संस्कृति र संस्कारको जगेर्नामा यो समुदाय जागरुक बनेको हो ।

# दोसल्लेका नौ घरपरिवार विस्थापित

पोखरापत्र संवाददाता
म्यादी, २६ साउन

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ हिस्तानको फेकण्डो भिर चर्किएर पहिरो खस्न थालेपछि फेदीमा रहेको दोसल्लेका नौ घरपरिवार विस्थापित भएका छन् । उक्त पहिरोबाट थप १८ घरपरिवार जोखिममा परेका छन् । अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले उच्च जोखिममा रहेका दोसल्लेको भिरखाल्टा टोलका नौ घरपरिवारलाई सुरक्षित ठाउँमा सारिएको जानकारी दिनुभयो । "जनप्रतिनिधि, सुरक्षा अधिकारी र स्थानीयवासीको टोलीले अनुगमन गर्दा चर्किएको फेकण्डोको भिर जुनसुकै समयमा खसेर पहिरो जाने आँकलन गरेर उच्च जोखिममा रहेकाका गाईबस्तुसहित सामग्रीसमेत सारिएको छ", उहाँले भन्नुभयो, "क्षति हुन नदिनका लागि सतर्कता अपनाइएको हो ।" रामचन्द्र पुर्जा, शेरप्रसाद पाइजा, विजय पुर्जा, हर्कवीर गर्बुजा, दुतबहादुर पुन, कृष्णबहादुर पुन, सोहनसिंह पुन, हेमबहादुर पुन र रेबहादुर पुनको घरका सामग्रीसहित अन्य बसोबास गर्न थालेका अन्नपूर्ण गाउँपालिका-७ का वडाध्यक्ष मइलन पुर्जा पुनले जानकारी दिनुभयो ।

केही दिनअघि भिर चर्किएर पहिरो खस्न थालेपछि स्थानीय प्रेमबहादुर पाइजा, खगवीर पाइजा, शेरप्रताप पाइजा र वडा सदस्य बुद्धिवीर पुनको टोलीले फेकण्डो भिरको निरीक्षण गरी गाउँपालिका र प्रशासनलाई जानकारी गराउनुभएको थियो । सूचना पाएपछि गाउँपालिका अध्यक्ष पुन, उपाध्यक्ष दिवा तिलिजा पुन, प्रमुख जिल्ला अधिकारी रविन्द्र आचार्यसहितको टोलीले जोखियुक्त क्षेत्रको निरीक्षण र निर्णय गरी भूगर्वविद्को टोलीमार्फत अध्ययन गर्न राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणलाई सिफारिस गरेका छन् । टोलीले 'ड्रोन' क्यामेराको प्रयोग गरी पहिरोको अध्ययन गरेको थियो ।

पहाडको शिरमा फेकण्डो भिर छ भने बीचमा रहेको जङ्गलमुनि दोसल्ले बस्ती छ। दोसल्लेको फेदी कालीगण्डकी नदी किनारमा रघुगङ्गा गाउँपालिका-१ को तिप्ल्याङ बजार छ । दोसल्लेका ६९ वर्षीय जितबहादुर पुर्जाले बाल्यकाल र युवा अवस्थामा हिँडडुल गरेको उक्त पहाडमा यसअघि चिरा परेका नदेखेको बताउनुभयो । "हामी घाँसदाउरा र लेकबैंसी गर्दा फेकण्डोको भिरबाटै ओहोरदोहोर गर्दथ्यौँ", उहाँले भन्नुभयो, "अहिले पहाड चिराचिरा परेर खस्न थालेपछि त्रास सिर्जना भएको छ ।" स्थानीयवासी रामचन्द्र पुर्जाले भिरबाट खसेको ढुङ्गा सिधै घर र आँगनमा आउने भएकाले सामान सारेर माथिल्लो दोसल्लेका रहेको गोठमा बस्न थालेको बताउनुभयो ।

पानी नपरेको दिनमा दिउँसोको समयमा सुन्तला बगैंचा गोडमेल गर्न आउने गरेको उहाँले बताउनुभयो । यसअघि उक्त ठाउँबाट पहिरो खसेको थिएन । यसपटक नयाँ पहिरो सिर्जना भएको छ । पहिरोका कारण दोसल्लेको भिरखाल्टा टोलको सुन्तला बगैंचा पनि जोखिममा परेको छ । पहिरो खसेमा तिप्ल्याङमा कालीगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला सडक र दोसल्ले हुँदै हिस्तान-राम्चे जोड्ने सडकमा पनि क्षति पुग्ने वडाध्यक्ष पुर्जाले बताउनुभयो ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. ८ निवासी भारतीय भू.पू.नं. JC २२३१७३ N का सुबेदार जय बहादुर खड्काको नेपाली नागरिकता प्रमाणपत्रमा नाम जय बहादुर खड्का र जन्म मिति वि.सं. २००७/०५/१३ भएको र निजको नाममा भारत सरकारबाट जारी सम्पूर्ण कागजातमा निजको नाम थर JAI BAHADUR KHANKA र जन्म मिति ई.सं. १९५०/११/२९) उल्लेख भएको र निजको पत्नी रत्नकला खड्का क्षेत्रीको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर रत्नकला खड्का क्षेत्री र जन्म मिति वि.सं. २०१०/०४/१० भएको र निजको पतिको नाममा भारत सरकारबाट जारी भएको सम्पूर्ण कागजातमा नाम थर RATTANA KALI र जन्म मिति ई.सं. १९५३/१२/१२ उल्लेख भई फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएका व्यक्तिहरु फरक फरक नभई एउटै भएको भनी बागलुङ नगरपालिका, ८ नं. वडा कार्यालय, बागलुङको च.नं. १७, मिति २०८३/०४/०७ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

प्रमुख जिल्ला अधिकारी



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
लमजुङ

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला हाल मर्स्याङ्दी गाउँपालिका वडा नं. ०३ निवासी भारतीय भू.पू. सैनिक नं. ५७४८८९५ H ४/८ जि.आर. टेस नायक मोहन सिं गुरुङको तपसिल बमोजिमको पारिवारिक सदस्यको नेपाली नागरिकता र भारतीय पेन्सन डकुमेन्टमा नामथर र जन्म मिति फरक परेता पनि उल्लेखित फरक-फरक नामथर र जन्म मिति गरेको व्यक्ति फरक-फरक नभइ एउटै व्यक्ति भएको बेहोरा मर्स्याङ्दी गाउँपालिका ०३ नं. वडा कार्यालयको च.नं. १२२ मिति २०८३/०४/२५ को सिफारिस बमोजिम सोहि बेहोरा निजको भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ ।

| क्र.स. | विवरण फरक परेको व्यक्ति | पेन्सनरसँगको नाता | ना.प्र.प. अनुसार नामथर, जन्म मिति | सैनिक अभिलेख अनुसार जन्म मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | मोहन सिं तमाङ | आफै | मोहन सिं तमाङ वि.स. २०१७/०६/१४ ई.स. १९६०-०९-२९ | मोहन सिं गुरुङ, वि.स. २०१७/०४/०९ ई.स. १९६०-०७-२७ | फरक व्यक्ति नभइ एउटै व्यक्ति भएको । |
| २ | पुतली माया लामा | पत्नी | पुतली माया लामा वि.स. २०१९/०१/१० ई.स. १९६२-०४-२२ | पुतली माया गुरुङ, वि.स. २०१८/१२/२८ ई.स. १९६२-०४-१० | फरक व्यक्ति नभइ एउटै व्यक्ति भएको । |

प्रमुख जिल्ला अधिकारी



## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला साविक दरौ गा.वि.स. वडा नं १ हाल अर्जुनचौपारी गाउँपालिका वडा नं. ६ निवासी भारतीय भू.पू. सैनिक नं. २०२८६० का उदय बहादुर क्षेत्रीको श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर राम माया क्षेत्री भएको र भारतीय पेन्सन रेकर्डमा नामथर राम माया देवी उल्लेख भई फरक फरक अभिलेखमा नामथर फरक फरक भएता पनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिश गरिदिनुहुन भनी उक्त गाउँपालिका ६ नं. वडा कार्यालयको च.नं. ४८३, मिति २०७६।११।०२ को पत्रबाट लेखी लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

जिल्ला प्रशासन कार्यालय, स्याङ्जा



## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ७ साविक रेश गा.वि.स. वडा नं. ६ निवासी भारतिय भू.पू. सै.नं. JC २०५६६५ पल्टन 4 PARA का हनेरी क्याप्टेन अमर बहादुर थापाको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नाम थर नैनाकली कार्की भन्ने नैनाकली जन्ममिति २०१२/०५/१० (26 Aug. 1955) भएको र पेन्सन अभिलेखमा श्रीमतीको नाम थर नैनाकली जन्ममिति (13 Aug. 1957) भई फरक भएता पनि उल्लेखित दुई नाम थर र जन्ममिति भएका व्यक्ति एउटै भएको भनी काठेखोला गाउँपालिका, ७ नं. वडा कार्यालयको चलानी नं. ३७३, मिति २०८२/०७/२६ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

जिल्ला प्रशासन कार्यालय, बागलुङ



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
म्याग्दी

## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला साविक पिप्ले गा.वि.स वडा नं. ८, हाल रघुगंगा गाउँपालिका वडा नं. ३ बस्ने, भारतीय सेनाका भू.पू. सैनिक नं. ५८४६०५० A का हवल्दार दल बहादुर थापा, २/९ जि.आर.को श्रीमती मिना कुमारी बानिया भण्डारीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर मिना कुमारी बानिया भण्डारी (MINA KUMARI BANIYA BHANDARI) र जन्ममिति वि.सं. २०२६/११/२८ (ई.सं. १९७०/०३/११) उल्लेख भएको र भारतीय सैनिक अभिलेख/डिस्चार्ज सर्टिफिकेटमा श्रीमतीको नामथर मिना कुमारी थापा (MINA KUMARI THAPA) र जन्ममिति वि.सं. २०२६/१२/३१ (ई.सं. १९७०/०४/१३) उल्लेख भई निजको श्रीमतीको नामथर र जन्ममिति फरक परेता पनि उक्त दुई नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई निजको श्रीमती मिना कुमारी बानिया भण्डारी नै भएको भनी सम्बन्धित रघुगंगा गाउँपालिका ३ नं. वडा कार्यालयको च.नं. १४५, मिति: २०८३/०४/२० गतेको पत्रबाट सिफारिस भई आएकोले भारतीय पेन्सन प्रयोजनार्थ सोही बमोजिम सिफारिस गरिन्छ ।

प्रमुख जिल्ला अधिकारी

# उत्तरगङ्गा जलविद्युत् आयोजनालाई उत्पादन अनुमति

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ साउन

लामो समयदेखि चर्चामा मात्रै रहेको उत्तरगङ्गा जलायशयुक्त जलविद्युत् आयोजना निर्माणका लागि थप प्रक्रिया अघि बढेको छ।

विद्युत् विकास विभागले आयोजनालाई विद्युत् उत्पादन अनुमतिपत्र प्रदान गरेको छ। आयोजना उत्तरगङ्गा पावर कम्पनीले निर्माण गर्दैछ।

विभागले यही साउन २० गते उत्पादन अनुमतिपत्र प्रदान गरेको हो। उक्त निर्णयसँगै २०६१ सालदेखि चर्चामा रहेको नेपालकै सस्तो जलाशययुक्त जलविद्युत् परियोजना अघि बढ्ने आशा पलाएको हो।

सरकारले चालु आर्थिक वर्षमा नै सो आयोजना निर्माणका लागि बोलपत्रको प्रक्रिया अगाडि बढाउने उल्लेख गरेको छ। कुल ८२८ मेगावाट क्षमताको सो आयोजनालाई उत्पादन अनुमतिपत्र प्रदान गरिएको विभागका सूचना अधिकारी बद्री कुइँकेलले जानकारी दिनुभयो।

बागलुङको ढोरपाटन नगरपालिकास्थित ढोरपाटन उपत्यकामा उत्तरगङ्गाको पानी जम्मा गरी निसीखोलामा झारेर विद्युत् उत्पादन गर्ने गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिएको छ। विभागले आयोजनास्थल रहेको ढोरपाटन र निसीखोलालाई पत्राचार गरिसकेको छ। अनुमतिपत्रसँगै उत्तरगङ्गा नदीको पानीलाई निसीखोलामा फर्काएर विद्युत् उत्पादन गर्ने यसअघिको स्वीकृत परियोजना संरचनाले औपचारिकता पाएको छ। आयोजनाको पानी भेरीतर्फ लैजाने वा निसीखोलातर्फ फर्काउने भन्ने लामो समयदेखिको विवाद समाधान नहुँदा समस्या भएको थियो। पछिल्लो निर्णयअनुसार, अब उत्तरगङ्गा नदीको पानीलाई निसीखोलामा फर्काएर विद्युत् उत्पादन गरिनेछ। आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) प्रतिवेदन भने २०८० माघ २ गते नै स्वीकृत भएको थियो। उक्त प्रतिवेदनले पनि उत्तरगङ्गा नदीको पानीलाई निसीखोलामा फर्काएर विद्युत् उत्पादन गर्ने निष्कर्ष निकालेको थियो। नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी उत्तरगङ्गा पावर कम्पनी लिमिटेडले विकास गरिरहेको यो आयोजना जलाशययुक्त तथा अन्तरजलाधार स्थानान्तरण परियोजनाका रुपमा रहेको छ। उत्तरगङ्गा नदीमा अग्लो बाँध निर्माण गरी जलाशयको पानी छ दशमलव ५१ किलोमिटर लामो मुख्य सुरुङमार्फत निसीखोलातर्फ फर्काइने छ। सरकारले ८२८ मेगावाटको उत्तरगङ्गा जलाशययुक्त आयोजनासहित एक हजार ६१ मेगावाटको माथिल्लो अरुण, २१० मेगावाटको चैनपुर सेती, ९९ मेगावाटको तामाकोशी-५ र ७७ मेगावाटको घुन्साखोला आयोजनाको यसै वर्ष वित्तीय व्यवस्थापन गरी ठेक्का प्रक्रिया अगाडि बढाउने तयारी गरेको छ। हिउँद र बर्खामा समान विद्युत् उत्पादन गर्न सकिने नेपालकै सस्तो परियोजनाका रुपमा सो आयोजनालाई लिइन्छ।

# कोरोलानाका जोड्ने घमी खोला पुल निर्माण सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २६ साउन

उत्तर-दक्षिण व्यापारिक मार्ग विस्तार आयोजनाअन्तर्गत जोमसोम-कोरोलानाका जोड्ने मुस्ताङको लो घेकर दामोदरकुण्ड गाउँपालिका-२ स्थित घमी खोलामा निर्माणाधीन पक्की मोटरेबल पुल सम्पन्न भएको छ।

आयोजनाका अनुसार हालसम्म पर्वतको मालढुङ्गादेखि मुस्ताङको कोरोला नाकासम्मको २०२ किलोमिटर सडकखण्डमा १५ वटा पक्की पुल निर्माण सम्पन्न भएका छन्। विसं २०७५ पुस ९ गते ठेक्का सम्झौता भएको घमी खोला पक्की मोटरेबल पुल हालै सम्पन्न भएको बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख तेजस्वी शर्माले जानकारी दिनुभयो। कोरला क्षेत्रमा कठोर भूगोल, प्रतिकूल मौसम, हिमपात र निर्माण कम्पनीको ढिलासुस्तीका कारण पुल निर्माण समयमै सम्पन्न हुन सकेको थिएन।

पुल निर्माणका लागि निर्माण कम्पनीलाई पटकपटक ताकेता र कारबाही गरिएको थियो। स्थानीय जनप्रतिनिधिको सहयोगमा ढिलै भए पनि पुल निर्माण सम्पन्न गरिएको आयोजना प्रमुख शर्माले बताउनुभयो। निर्माण कम्पनीले पुल निर्माणमा बेवास्ता र ढिलासुस्ती गरेपछि सार्वजनिक खरिद ऐन तथा नियमावलीअनुसार छ महिनाको समयावधि तोकेर दैनिक जरिवाना तोकिएको थियो। पटकपटक म्याद थप हुँदै आएको घमी खोला पुलका लागि सार्वजनिक खरिद ऐनको १५औँ संशोधन आएपछि निर्माण कार्य सहज भएको आयोजना प्रमुख शर्माले बताउनुभयो। सम्झौताअनुसार २०७८ साल पुस ९ गतेभित्र सम्पन्न हुनुपर्ने घमी खोला पुलको पटकपटक म्याद थप हुँदै आएको थियो। आयोजना र लो घेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोबसाङ छोम्पेल विष्टको सक्रियतामा सम्झौता अवधि सकिएको पाँच वर्षपछि निर्माणाधीन घमी खोला पुल सम्पन्न भएको आयोजनाले जनाएको छ। मुस्ताङको कोरोला नाका जोड्ने ४० मिटर लामो पुलको ठेक्का सम्झौता लागत रु छ करोड ८० लाख रहेको थियो। पुलको दायाँबायाँ पिलर फाउन्डेसन, स्ल्याब ढलान तथा घमी खोलामा पुल जोड्ने प्रोटेक्सन र एप्रोच सडक निर्माणलगायत पुल फिनिसिङका काम सम्पन्न भएका छन्। यससँगै कोरोलानाकातर्फको आवतजावत सहज भएको आयोजनाले जनाएको छ।

यसअघि बर्खायाममा घमी खोलामा पानीको बहाव बढ्दा कोरोलाना र उपल्लो मुस्ताङ आवतजावत गर्ने सवारीसाधन तथा मालवाहक कन्टेनरलाई समस्या हुने गरेको थियो। चीनबाट कोरोला नाका हुँदै पैठारी गरिएका सामान बोकेका मालवाहक कन्टेनर घमी खोला पुल नहुँदा हप्तौँसम्म रोकिनुपर्ने अवस्था थियो। गत वर्ष मालवाहक कन्टेनरको आवतजावत सहज बनाउन व्यापारी र गाउँपालिकाको सहयोगमा डाइभर्सन सडक निर्माण गरी यातायात सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष विष्टले जानकारी दिनुभयो। ढिलै भए पनि निर्माण कम्पनीले पुलको काम सम्पन्न गरेपछि बाह्रै महिना सडक आवागमन सहज भएको अध्यक्ष विष्टले बताउनुभयो। पुल निर्माण सम्पन्न भएपछि गाउँपालिका अध्यक्ष विष्टले निर्माण कम्पनीका प्रतिनिधिलाई खादा लगाएर सम्मान गर्नुभएको थियो। सो अवसरमा पुलको समेत उद्घाटन गरिएको थियो।

बेनी-जोमसोम-कोरला सडक आयोजनाले गत वर्ष मुस्ताङको कैकु, सेतु खोला र लार्जुङ खोलामा पक्की पुल निर्माण सम्पन्न गरेको थियो। चालु वर्ष पनि कोरोला नाका सडकलाई थप सहज बनाउन मुस्ताङको घट्टेखोला र थापा खोलामा पुल निर्माणका लागि बोलपत्र आह्वान गरिएको छ। यसैगरी, मुस्ताङको छुसाङदेखि घमीसम्मको सडक कालोपत्रका लागि रु दुई अर्बको बोलपत्र आह्वान गरिएको छ।



# अण्डाको समर्थन मूल्य बढ्यो एक लाख एक हजार सहयोग

**रासस**
चितवन, २६ साउन

अण्डाको माग बढेपछि व्यवसायीले समर्थन मूल्य बढाएका छन्। नेपाल लेयर्स कुखुरापालक सङ्घले आजदेखि लागू हुने गरी अण्डाको समर्थन मूल्य बढाएको हो।

सङ्घका अनुसार एक्सएल अण्डा प्रतिक्रेट (३० वटाको) रु ५६०, ठूलो अण्डा रु ५४५, मिडियम रु ५०० र सानो रु तीन हजार प्रतिपेटी (सात क्रेट) समर्थन मूल्य कायम गरिएको हो।

सङ्घका अध्यक्ष विनोद पोखरेलका अनुसार बर्डफ्लुको सङ्क्रमण हटेको र धेरै कुखुरा मरेसँगै उत्पादन घटेकाले बजारको माग निकै बढेको छ।

माग बढेसँगै अण्डाको मूल्य बढेको हो। फार्महरूले दिएको रेटका आधारमा समर्थन मूल्य जारी गरिएको उहाँले बताउनुभयो। मूल्य बढ्दै गर्दा पनि किसानले लागत मूल्य पाउन नसकेको उहाँले बताउनुभयो। अण्डाको लागत मूल्य प्रतिगोटा रु १९.१२ पर्न आउँछ। यसलाई हिसाब गर्दा प्रतिक्रेट रु ५७३.६ हुन आउँछ।

बर्डफ्लुका कारण किसानले ठूलो क्षति व्यहोर्नु परेको छ। लागत मूल्य पाउन नसकेपछि विगत केही वर्षदेखि किसान यस पेसाबाट पलायन हुन थालेका छन्। पछिल्लो समय उत्पादन घट्नु, कुखुरामा रोग लाग्नुलगायत कारणले किसान बैंकको ऋणको भरमा पर्दै आएको व्यवसायी बताउँछन्। पछिल्लो समय बर्डफ्लुका कारण केही किसानको कुखुरा मरेका थिए भने कुखुरा हुनेहरूले अण्डाको मूल्य नपाउँदा ठूलो नोक्सानी व्यहोर्नु परेको पोखरेलले बताउनुभयो।

## एउटै व्यक्ति भएको सूचना





बागलुङ जिल्ला जैमिनी नगरपालिका वडा नं. ७ साविक जैदी गा.वि.स. वडा नं. १ निवासी भारतीय भू.पू.सै.नं ५८४०८३६ W पल्टन ३/९ गोर्खा राईफलका हवल्दार नर बहादुर क्षेत्री (नेपाली नागरिकता प्रमाणपत्रको नाम थर नर बहादुर के.सी.) को भारतीय पेन्सन अभिलेखमा निजको, पत्नीको र छोरा-छोरीहरुको नाम थर र जन्म मिति तपशिल बमोजिमको रहेको तर निजहरुको नेपाली नागरिकता प्रमाणपत्रमा तपशिल बमोजिमको भई फरक परेका कारणले तपशिलमा उल्लेखित दुई नाम थर र दुई जन्ममिति भएका व्यक्तिहरु व्यक्ति फरक नभई एउटै भएको भनी जैमिनी नगरपालिका, ७ नं. वडा कार्यालय, जैदी, बागलुङको च.नं. ६० मिति २०८३/०४/२० गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ।

तपसिल:

| क्र.स. | नेपाली नागरिकतामा भएको | | नाता | पेन्सन सम्बन्धी कागजातहरूको विवरण | |
|---|---|---|---|---|---|
| | नामथर | जन्ममिति | सम्बन्ध | नामथर | जन्ममिति |
| १ | नर बहादुर के.सी. | २००६/०६/१५ | पेन्सनर | नर बहादुर क्षेत्री Nar Bahadur Chhetri | 25th Oct., 1950 |
| २ | कला देबी के.सी. | २०१८/०४/०१ | श्रीमती | हरि कला Hari Kala | 07th Mar., 1959 |

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## एउटै व्यक्ति भएको सूचना





बागलुङ जिल्ला जैमिनी नगरपालिका वडा नं. ६ साविक अर्जेवा गा.वि.स. वडा नं. ७ निवासी भारतीय भू.पू.सै.नं ५८४८९४४ P पल्टन ३/९ गोर्खा राईफलका हवल्दार सुरेन्द्र बहादुर खत्री (नेपाली नागरिकता प्रमाणपत्रको नाम थर सुरेन्द्र बहादुर क्षेत्री) को भारतीय पेन्सन अभिलेखमा निजको, पत्नीको र छोरा-छोरीहरुको नाम थर र जन्म मिति तपशिल बमोजिमको रहेको तर निजहरुको नेपाली नागरिकता प्रमाणपत्रमा तपशिल बमोजिमको भई फरक परेका कारणले तपशिलमा उल्लेखित दुई नाम थर र दुई जन्ममिति भएका व्यक्तिहरु फरक नभई एउटै भएको भनी जैमिनी नगरपालिका, ६ नं. वडा कार्यालय, अर्जेवा, बागलुङको च.नं. ४० मिति २०८३/०४/२० गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा अनुरोध छ।

तपसिल:

| क्र.स. | नेपाली नागरिकतामा भएको | | नाता | पेन्सन सम्बन्धी कागजातहरूको विवरण | |
|---|---|---|---|---|---|
| | नामथर | जन्ममिति | सम्बन्ध | नामथर | जन्ममिति |
| १ | सुरेन्द्र बहादुर खत्री | २०३३/१०/२० | पेन्सनर | सुरेन्द्र बहादुर खत्री Surendra Bahadur Khattri | 26 Sept., 1978 |
| २ | धन कुमारी क्षेत्री | २०४२।०९।०८ | श्रीमती | धन कुमारी खत्री Dhan Kumari Khattri | 20 Dec., 1986 |

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## गण्डकी प्रदेश सरकार
## स्वास्थ्य मन्त्रालय
# मातृशिशु मितेरी प्रादेशिक अस्पताल
## कास्की, पोखरा

## चमेनागृह (क्यान्टिन) संचालन गर्ने सम्बन्धी सिलवन्दी दरभाउपत्र आव्हानको सूचना।

प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२६

उपरोक्त विषयमा यस अस्पतालको हाताभित्र बनेको चमेना गृहको आ.व. २०८३/०८४ र २०८४/०८५ सम्म (दुई आर्थिक वर्ष) को लागि मासिक भाडा रु. २२,०००।- (अक्षेरुपी बाइस हजार रुपैया मात्र) कायम गरिएको र उक्त चमेना गृह सञ्चालन गर्नुपर्ने भएकोले अस्पतालले तय गरेका कार्यक्षेत्रगत शर्तहरुको अधिनमा रहि संचालन गर्न योग्यता पुगेका ईच्छुक फर्म/कम्पनीबाट शिलवन्दी दरभाउ पत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समयमा यस अस्पतालबाट उपलब्ध गराईएको दरभाउपत्र खरिद गरि नियमानुसार दर्ता गर्नुहुन् सूचित गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस अस्पतालको बेंभसाइडः
https://mmph.gandaki.gov.np हेर्नुहुन् वा
यस अस्पताल प्रशासन शाखामा सम्पर्क गर्नु सकिनेछ।

**मेडिकल सुपरिटेन्डेन्ट**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २१ निवासी भारतीय भु.पु.सै.नं. 13965357 A TS NO.167530 NAIK का नायक लुम बहादुर थापा क्षेत्रीले यस कार्यालयमा दिनुभएको माग निवेदन र संलग्न कागजात बमोजिम निजको छोरा केशव थापाको ना.प्र.नं.४६१००५/२७० जारी मिति २०६५।०३।२९ कास्कीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर केशव थापा उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको छोराको नामथर केशर बहादुर थापा उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २१ नं. वडा कार्यालयको च.नं. ३५३ मिति २०८३।०४।२५ को सिफारिस पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २१ निवासी भारतीय भु.पु.सै.नं. 13965357 A TS NO.167530 NAIK नायक लुम बहादुर थापा क्षेत्रीले यस कार्यालयमा दिनुभएको माग निवेदन र संलग्न कागजात बमोजिम निजको ना.प्र.नं.४३९ जारी मिति २०४७।०६।२१ कास्कीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर लुम बहादुर थापा क्षेत्री (LUM BAHADUR THAPA CHHETRI) र जन्ममिति वि.सं. २०२४।०३।०४ (ई.सं.१९६७।०६।१८) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको नामथर लुम बहादुर थापा (LUM BAHADUR THAPA) र जन्ममिति ई.सं.१९६७।०६।२० उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक जन्ममिति र नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २१ नं. वडा कार्यालयको च.नं. ३५४ मिति २०८३।०४।२५ को सिफारिस पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २१ निवासी भारतीय भु.पु.सै.नं. 13965357 A TS NO.167530 NAIK का नायक लुम बहादुर थापा क्षेत्रीले यस कार्यालयमा दिनुभएको माग निवेदन र संलग्न कागजात बमोजिम निजको श्रीमतीको ना.प्र.नं.४९२४० जारी मिति २०५३।०८।१७ कास्कीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर खिम कला थापा क्षेत्री (KHIM KALA THAPA CHHETRI) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर खिम कला थापा (KHIM KALA THAPA) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २१ नं. वडा कार्यालयको च.नं. ३५२ मिति २०८३।०४।२५ को सिफारिस पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**